जीवन केन्द्र (Life School Center), हारसर, क्ष. न. पा-१० धनुषा

# तेश्रो अ धवेशन

# प्रतिवेदन

जीवन केन्द्र
2/19/2020

जीवन केन्द्र (**Life School Center**) को

तेश्रो अ धबेसन

प्रथम/ उद्घाटन सत्र

आज मति २०७६ फाल्गुन ७ गतेका दिन जीवन केन्द्र, हारसर, धनुषाका अध्यक्ष श्री कारी यादव ज्यूको अध्यक्षतामा संस्थाको तेश्रो अ धबेसन तथा साधारण सभाको उद्घाटन सत्र प्रारम्भ गरियो /

उपस्थिति:

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| कारी यादव | अध्यक्ष | |
| सोम प्रसाद शर्मा | महास चब | |
| राम कुमार महतो | स चब | |
| मालती कुमारी | कोषाध्यक्ष | |
| फुलगेन यादव | सदस्य | |
| रन्जु मण्डल | सदस्य | |
| जित कुमार साह | सदस्य | |
| पूनम देवी साह | सदस्य | |
| भोला खत्वे | सदस्य | |

आमन्त्रित:

निर्बाचन स मति

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| श्री तेज कृष्ण काफ्ले | संयोजक | |
| श्री नन्द कुमार सलवाल | सदस्य | |

| | | |
|---|---|---|
| श्री कमल कुमार पंकज | सदस्य | |

आमन्त्रित प्रतिनि ध /पर्यबेक्षक:

| नाम | प्रतिनि ध / पर्यबेक्षक | संस्था | हस्ताक्षर |
|---|---|---|---|
| श्री राज कशोर यादव | प्रतिनि ध | लोपान, धनुषा | |
| श्री श्यामलाल महतो | पर्यबेक्षक | जलाइध साझेदारी वन उपभोक्ता संघ, धनुषा | |
| श्री मति रामपरी मु खया | पर्यबेक्षक | जलाइध साझेदारी वन उपभोक्ता संघ, धनुषा | |
| श्री प्रदिप कुमार साह | पर्यबेक्षक | त. नि. व. ग्रा. बि. स. | |
| श्री सुनिता साह | प्रतिनि ध | लोपान, धनुषा | |
| प्रमोद कुमार यादव | पर्यबेक्षक | लोपान, धनुषा | |
| बिमल यादव | पर्यबेक्षक | रा. स. ज. उ. म. धनुषा | |
| शम्भु प्रसाद साह | पर्यबेक्षक | माँ सारदे यूवा क्लब, हारसर | |
| सुनिता देवी साह | पतिनि ध | माँ सारदे यूवा क्लब, हारसर | |
| लक्ष्मण साह | | जीवन केन्द्र | |
| मनु माया मोक्तांग | पतिनि ध | अर्का नेपाल | |

| | | | |
|---|---|---|---|
| मंजु भण्डारी | पतिनि ध | फेकोफन धनुषा | |
| लक्ष्मी कुमार यादव | पतिनि ध | स.उ.यू.के. धनुषा | |
| बिनोद कुमार यादव | पतिनि ध | जि. क. संघ, धनुषा | |
| रुदल महतो | पर्यबेक्षक | लोपान धनुषा | |
| गणेश साह | पर्यबेक्षक | लोपान धनुषा | |
| सोनी पण्डित | प्रतिनि ध | म. अ. मंच, धनुषा | |
| पानो देवी | प्रतिनि ध | रा. स.ज.उ.महासंघ | |
| राज कुमारी चौधरी | प्रतिनि ध | जि. क. संघ, धनुषा | |

प्रस्तावहरु:

१. आ र्थक प्रतिवेधन प्रस्तुति र छलफल तथा अनुमोदन
२. प्रगती प्रतिवेदन प्रस्तुति छलफल र अनुमोदन
३. आ.ब.२०७६-२०७७ को कार्ययोजना सम्बन्धमा
४. बिधान संसोधन सम्बन्धमा
५. व वध सदस्यता सम्बन्धमा

निर्णयहरु:

१. प्र.न. १ मा थ छलफल गर्दा कोशाध्यक्ष मालती ठाकुर द्वारा प्रस्तुत आ र्थक प्रतिवेदनमा प्रस्तुति उपर छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो|

२. प्र.न २ मा थ छलफल गर्दा अध्यक्ष श्री कारी यादव बाट प्रस्तुत प्रतिवेदन छलफल सहित अनुमोदन गर्ने निर्णय गरियो |

३. प्र.न. ३ मा थ छलफल गर्दा महास चव सोम प्रसाद शर्मा द्वारा प्रस्तुत आगामी योजना अनुमोदन गर्ने निर्णय गरियो |

४. (क) यस संस्था को वधान लाई समय अनुकुल परिचालन गर्न वध्न संसोधन तथा परिमार्जन गर्ने निर्णय गरियो | साथै उक्त वधानमा रहेको कार्य क्षेत्रलाई वस्तार गर्ने, उद्देश्यहरु थप घट गर्ने लगायतका वषयहरुलाई समेटेर संस्थाको प्रस्तुत संसो धत वषयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो, साथै साधारण सभामा अनुमोदन भएका वषयहरुलाई नियम अनुसार स्वीकृत को ला ग जिल्ला प्रशासन कार्यालय धनुषा जनकपुरधाममा पेश गर्ने निर्णय गरियो |

(ख) वधान को दफा न. १० को उपदफा ७ मा भएको व्यवस्थाको अलावा जीवन केन्द्रका सदस्य संस्थाहरु आफैमा वैधानिक स्वीकृत प्राप्त संस्थाहरु भएको हुदा स्थापनाकालमा नेटवर्क/संजाल गठन गर्दा का संस्थाले आफ्नो संस्थाको वा षक साधारण सभा गरि सो को जानकारी मात्र यस जीवन केन्द्रलाई गराउदा बखत सदस्यता नवीकरण गर्ने व्यवस्था समावेश गर्ने निर्णय गरियो |

५. सदस्यता थप गर्ने वषयमा छलफल गर्दा यस जीवन केन्द्रले आफ्नो गति व धहरु संचालन गरेको कार्य क्षेत्रमा रहेको जलाइध साझेदारी वन उपभोक्ता समूहले यस संस्थामा सदस्यता पाउ भनि दिएको निवेदन उपर छलफल गरि सदस्यता प्रदान गर्ने निर्णय गरियो |

दोस्रो तथा बन्द सत्र

आज मति २०७६/११/०७ गतेका दिन यस जीवन केन्द्र, हारसर, क्षरेश्वरनाथ न.पा.१० को तेश्रो अदिवेशन निर्वाचन स मतिका अध्यक्ष श्री.तेज कृष्ण काफ्ले ज्यूको अध्यक्षतामा अ धवेशन संचालन भई निम्न प्रस्तावहरु मा थ छलफल गरि निर्णय गरियो |

उपस्थिति:

| स.न. | नाम | संस्था/स मति | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | तेज कृष्ण काफ्ले | निर्वाचन स मति | संयोजक | |
| २ | श्री कमल कुमार पंकज | निर्वाचन स मति | सदस्य | |
| ३ | नन्द कुमार सलवाल | निर्वाचन स मति | सदस्य | |
| ४ | कारी यादव | रा. स.ज.उ.महासंघ | प्रतिनि ध | |
| ५ | पानो देवी ठाकुर | रा. स.ज.उ.महासंघ | प्रतिनि ध | |
| ६ | जीत कुमार साह | माँ सारदे युवा क्लब | प्रतिनि ध | |
| ७ | सुनिता देवी साह | माँ सारदे युवा क्लब | प्रतिनि ध | |
| ८ | मनु माया मोक्तांग | कृ.श्र.ग्रा. स.संघ | प्रतिनि ध | |
| ९ | शव नन्दन दास | कृ.श्र.ग्रा. स.संघ | प्रतिनि ध | |
| १० | राज कशोर यादव | लो.पा.संघ, नेपाल | प्रतिनि ध | |

| | | | | |
|---|---|---|---|---|
| ११ | सुनिता साह | लो.पा.संघ, नेपाल | प्रतिनि ध | |
| १२ | मालती ठाकुर | म.अ मंच, धनुषा | प्रतिनि ध | |
| १३ | सोनी कुमारी पण्डित | म.अ मंच, धनुषा | प्रतिनि ध | |
| १४ | लक्ष्मी यादव | स.उ.यू केन्द्र, धनुषा | प्रतिनि ध | |
| १५ | राम कुमारी महतो | स.उ.यू केन्द्र, धनुषा | प्रतिनि ध | |
| १६ | वनोद यादव | जि. क. संघ, धनुषा | प्रतिनि ध | |
| १७ | राज कुमारी चौधरी | जि. क. संघ, धनुषा | प्रतिनि ध | |
| १८ | राम कुमार महतो | त.नि. सार्वजनिक वन श्रोत प्रवर्धन ग्रा. व. संघ | प्रतिनि ध | |
| १९ | पूनम देवी साह | त.नि. सार्वजनिक वन श्रोत प्रवर्धन ग्रा. व. संघ | प्रतिनि ध | |
| २०. | सोम प्रसाद शर्मा | सा.ब.उ. महासंघ | प्रतिनि ध | |
| २१ | मंजु भण्डारी | सा.ब.उ. महासंघ | प्रतिनि ध | |
| २२ | श्याम लाल महतो | जलाइध साझेदारी वन उपभोक्ता संघ, धनुषा | पर्यवेक्षक | |
| २३. | रामपरी मु खया | जलाइध साझेदारी वन उपभोक्ता संघ, धनुषा | पर्यवेक्षक | |

प्रस्तावहरु:

१. सदस्य निर्वाचन सम्बन्धमा

२. पदा धकारी सम्बन्धमा

निर्णयहरु:

प्रस्ताव न.१ मा थ छलफल गर्दा निम्न व्यक्ति भएको सदस्यहरु निर्वा चत हुनुभयो | सदस्य व्यक्तिहरु निम्न बमोजिम छन् |

१. श्री कारी यादव- राष्ट्रिय सचाई जल उपभोक्ता महासंघ

२. श्री जीत कुमार साह- माँ शारदे युवा क्लब, हारसर

३. सुश्री मनु माया मोक्तांग- आर्क नेपाल, धनुषा

४. मालती ठाकुर- महिला अ धकार मंच, धनुषा

५. श्री लक्ष्मी यादव- समाज उत्थान युवा केन्द्र, धनुषा

६. श्री वनोद यादव- जिल्ला कसान संघ, धनुषा

७. श्री राम कुमार महतो- तराई निजी सार्वजनिक वन श्रोत प्रवर्धन ग्रामीण वकास संघ, बडहरी

८. श्री मती सुनिता साह- लोक पाठशाला संघ, नेपाल

९. श्री सोम प्रसाद शर्मा- सामुदायिक वन उपभोक्ता महासंघ

१०. श्रीमती रामपरी मु खया- जलाइध साझेदारी वन उपभोक्ता संघ (आमनत्रित सदस्य)

प्रस्ताव न. २ मा थ छलफल गर्दा निम्न व्यक्ति भएको पदा धकारी तथा सदस्य छनोट गरियो | छनोट भएका प्रतिनि ध सदस्य निम्न बमोजिम छन |

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कारी यादव |
| २. | उपाध्यक्ष | श्री राम कुमार महतो |
| ३. | महास चव | श्री सोम प्रसाद शर्मा |
| ४. | स चव | श्री जीत कुमार साह |
| ५. | कोशाध्यक्ष | सुश्री मनु माया मोक्तांग |
| ६. | सदस्य | मालती ठाकुर |
| ७. | सदस्य | श्री लक्ष्मी कुमार यादव |
| ८. | सदस्य | श्री वनोद यादव |
| ९. | सदस्य | श्रीमती सुनिता साह |
| १०. | सदस्य | श्रीमती रामपरी मु खया |

अनुसूची- १

# जीवन केन्द्र (Life School Center )

**क्षीरेश्वरनाथ न.पा.१०, हारसर, धनुषा**

**यस जीवन केन्द्र धनुषाको आ.व. २०७५।०७६ को अडिट रिर्पोट अनुसारको आम्दानी खर्च विवरण यस प्रकार रहेको छ ।**

२०७५ श्रावण देखि २०७६ असार मसान्त सम्म

| **आम्दानी** | | **खर्च** | |
|---|---|---|---|
| विवरण | रकम रू. | विवरण | रकम रू. |
| DFE कार्यक्रमबाट अनुदान प्राप्त | ३,८५६,८६१।०० | DFE कार्यक्रम खर्च | ३,८५६,८६१।०० |
| DFE कार्यक्रमबाट अभरहेड प्राप्त | २४२,९०६।०० | | |
| क्यान्टीनबाट | ४९८,२१०।०० | अडिट खर्च | २२,६००।०० |
| आवासबाट | ९१,९००।०० | कर्मचारी तलव | १५६,०००।०० |
| जीप भाडाबाट | ५१९,०००।०० | क्यान्टीनबाट | ३७६,७०७।०० |
| प्रोजेक्टर भाडाबाट | २४,०००।०० | होस्टेल मर्मत | २५०,०००।०० |
| मसलाको रूख विक्रीबाट | ११४,२००।०० | जिप मर्मत | ३४१,५९४।०० |
| तालिम हल बाट | ९४,८००।०० | विद्युत | १६९,५१४।०० |
| | | जिप नविकरण् | ४६,०८०।०० |
| | | कार्यालय खर्च | २७४,८५०।०० |
| | | अन्य खर्च | ९४०।०० |
| **जम्मा** | **५,४४१,८७७।००** | **जम्मा** | **५,४९५,१४६।००** |

**घाटा रकम** **५३,२६९।००**

# Life School Centre (LSC)

## Internal Fund Accountability Statement

**for the period 1 Shrawan 2075 to 31 Ashadh 2076**

| CODE | DESCRIPTION | Amount (NPR ) | |
|---|---|---|---|
| | | | |
| A | **Source of Fund** | | |
| | **Opening Fund ( Last Year Audit report)** | **1,188,750.00** | |
| | Bank Balance | 841,277.00 | |
| | Cash Balance | 1,000.00 | |
| | A/C Receivable | 591,561.00 | |
| | Payables | (245,088.00) | |
| | | | |
| | **Income Received** | 1,585,016.00 | |
| | Canteen Income | 498,210.00 | |
| | Accommodation | 91,900.00 | |
| | Training Hall | 94,800.00 | |
| | Jeep hiring | 519,000.00 | |
| | Overhead | 242,906.00 | |
| | Sale of Tree | 114,200.00 | |
| | Multimedia | 24,000.00 | |
| | | | |
| | **Total Sources of Funds** | 2,773,766.00 | |
| B | **Uses of Funds** | | |
| | **1. Expenses** | 864,495.00 | |
| | Canteen exp. | 428,307.00 | |
| | Door & Windows | 229,000.00 | |
| | Electricity | 69,514.00 | |
| | Jeep Maintenance | 91,594.00 | |
| | Jeep Renewal | 46,080.00 | |
| | | - | |
| | **2. Office Mgt** | 175,790.00 | |
| | Office exp | 175,760.00 | |
| | Bank Charge | 30.00 | |
| | | - | |
| | **3. Local Staffs -** | 156,000.00 | |
| | Acountant | 60,000.00 | |
| | Gardener | 30,000.00 | |
| | Cleaner | 30,000.00 | |
| | Receiptionist | 36,000.00 | |
| | **Total Uses of Funds** | 1,196,285.00 | |
| C | **Closing Balance of Funds** | **1,577,481.00** | |
| | **Represented by:** | | |
| | **Bank Balance (NB Bank )** | 1,395,005.00 | |
| | **Prabhu bank** | 5,215.00 | |
| | **Cash** | 1,877.00 | |
| | **Advance Tax** | 51,000.00 | |
| | **Advance & Receivables** | 248,440.00 | Malti Didi-150,000 |
| | **Payables** | (124,056.00) | |
| | **Total** | **1,577,481.00** | |

# अनुसूची- २

## जीवन केन्द्र (Life School Center) ह्वारसर धनुषाको तेश्रो अधिवेशनमा अध्यक्षको मन्तव्य तथा प्रगति प्रतिवेदन

**आदरणीय अतिथिगण ,**

यस जीवन केन्द्र (Life School Center) को तेश्रो अधिवेशनमा प्रमुख अतिथिको रुपमा पाल्नु भएका जीवन केन्द्रको संस्थापक अध्यक्ष तथा प्रदेश नं. २ का आन्तरिक मामिला तथा कानून मंत्री माननीय श्री ज्ञानेन्द्र कुमार यादव ज्यू, जीवन केन्द्रका सदस्य संस्था/संजालहरुका प्रतिनिधि ज्यूहरु, पर्यवेक्षक ज्यू, स्थानीय सामाजिक व्यक्तित्वहरु, कर्मचारी तथा पत्रकार मित्रहरुमा मेरो हरित अभिवादन तथा सुस्वागतम् ।

हाम्रो सिरानमा रहेको चुरे पर्वत श्रृखला तराई मधेशको जीवन रेखा (Life Line) हो । चुरे वन क्षेत्रको कमजोर/नाजुक (Fragile) र संवेदनशील (Sensitive) भू बनोट भएको नेपालमा मनसुनी हावाले गर्दा अत्याधिक पानी पर्दा चुरेबाट माटो, गिट्टी, बालुवा बाढी संगै बगेर तराईको उर्वर खेतीयोग्य भूमिमा थुप्रिने गरेको, मरभूमिकरण भई रहेको र मानवीय कृयाकलापहरु जस्तै खोरिया फडानी, बन फडानी, अव्यव्यस्थित बसोबास, जथाभावी बाटो निर्माण, अनियन्त्रित खुला चरी चरण, वर्षेनी डढेलो, भिरालो जग्गामा अवैज्ञानिक खेतीपाती/भू-उपयोगले गर्दा चुरे बन क्षेत्र विनाश भई रहेको छ । यसले समग्र परिस्थितीकीय प्रणालीमा परेको नकारात्मक प्रभावबाट चुरे तराईमा गरी करीव ६०% भन्दाबढी नेपालको जनसंख्या प्रभावित भई रहेका छन् । चुरे क्षेत्रका पानीका मुहानहरु सुकि रहेका छन् भने तराई मधेशको जमीन भूमिका पानीको सतह वर्षेनी घटी रहेको छ । राजमार्ग छेउछाउका बस्तीहरुको इनार कुवा सुक्न थालेका छन् । खानेपानीको काकाकूल हुन थालेको छ । अत्यधिक बाढी वा सुख्खा वा शीतलहरहरुले कृषि उत्पादन ह्रासोन्मुख छ । कृषि रोजगारीका अवसरहरु घटदो छ । आर्थिक उत्पादन सिमित छ । ग्रामीण कृषि श्रमिक पलायन मुखी छन् । सामाजिक/पारिवारिक संरचना भत्किदो छ । समग्र जीवन संकट ग्रस्त, अति सोचनिय छ ।

यिनै परिपेक्षमा, एकीकृत चुरे वन संरक्षण तथा नदी (जलाधार) प्रणाली व्यवस्थापन, मार्फत समग्र सामाजिक सशक्तिकरण, सीप विकास, पर्यावरण सम्वर्धन, तथा आर्थिक रुपान्तरण गर्ने लक्ष्यका साथ जीवन केन्द्र आफ्नो स्थापना काल देखिनै जलाधि जलाधारको माथिल्लो तटीय (चुरेवन क्षेत्र) र तल्लो तरीय (दशगज्जा सम्म) वासिन्दा एवं सबै सरोकारवाला बिच समन्वय/सहकार्य मार्फत अन्तर सम्वन्ध तथा अन्तर निर्भरताका भावना अभिवृद्धि गरी चुरे तथा जलाधार क्षेत्रको प्राकृतिक श्रोत संरक्षण दीगो व्यवस्थापन र परिस्थितिकीय सेवाको सम्वर्धनद्वारा जलाधार वासीको गरिवी न्यूनिकरण, तराई मधेश समृद्धि तथा समग्र राष्ट्र विकास निर्माणमा

योगदान पुर्याउदै आएको छ । हाम्रो उपलब्धि र सिकाईहरु प्रति नेपाल सरकारको ध्यानाकर्षण भएको छ । नेपाल सरकारले आ.व. २०६६।०६७ मा चुरे संरक्षणलाई अभियानको रुपमा संचालन गर्नलाई राष्ट्रिय गौरवको कार्यक्रम "राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकाश कार्यक्रम" शुरुवात गरी हाल देशका ६६ वटा नदी प्रणालीमा विस्तार गरिएको छ । मिति २०७६ साल जेष्ठ ४ गते मन्त्रिपरिषदको बैठकले चुरे-तराई मधेश भू-परिधिको एकीकृत गुरुयोजना २०७४ समेत स्वीकृत भई सकेको छ । चुरै तराई मधेश भू-परिधिको संरक्षण तथा विकास मार्फत समग्र सामाजिक, पर्यावरणीय तथा आर्थिक रुपान्तरण सहित जन जनको हाँसिलो मुहार देख्ने सपना बोकेर जलाधि नदि प्रणालीबाट शुरु भएका हाम्रो सफल सामाजिक तथा पर्यावरणीय अभियानहरु देशका अन्य नदी प्रणालीहरु समेतमा विस्तारित हुन सक्नु हाम्रो लागि गौरवको कुरा हो । हाम्रो सफल अभियान कार्यान्वयनको प्रतिफल हो । यसले हामीलाई प्रोत्साहित तुल्याएको छ । उदेश्यहरु प्रति थप उर्जावान भएका छौ । यसर्थ, यसको सफल कार्यान्वयन, प्रभावकारिता एवं इमान्दारितामा बेलाबखत उठदै आएको प्रश्न चिन्हहरु हामीलाई सचेत बनाएको छ, एकीकृत चुरे तराई मधेश भूपरिधिको संरक्षण विकाससँग जोडिएका सबै सार्थक, प्रयासहरु/कार्यक्रमहरुको सफल एवं प्रभावकारी कार्यान्वयन/अनुगमनका लागि प्रदेश र स्थानीय सरकार समेतलाई विशेष संवेदनशीलता र ध्यानाकर्षणको लागि जोडदार अपिल गर्दछौं ।

यिनै उदेश्यहरु प्राप्तिका लागि फेब्रुअरी २०१६ देखि डिसेम्बर २०१८ सम्म संचालित "लोकतान्त्रिक प्राकृतिक श्रोत व्यवस्थापन मार्फत सामुदायिक सशक्तिकरण कार्यक्रम" का सहयोगी साझेदार संस्था "डेनिस वन प्रसारण", डेनमार्क, खास गरी Flemming Shehested, प्रबन्ध निर्देशकलाई धेरै धेरै धन्यवाद गर्न ज्ञापन गर्न चाहन्छौ । आउने दिनहरुमा पनि यस्ता सामाजिक पर्यावरणीय तथा जीवका सुधार अभियान/कार्यक्रमहरुमा निरन्तर सहयोग/सहकार्यको अपेक्षा गर्दछौं । यस कार्यक्रमका केहि मुख्य उपलब्धिहरु निम्नानुसार उल्लेख गर्न चाहन्छु ।

**सामुदायिक सक्षक्तिकरण तथा नेतृत्व विकाश :-**

- ग्रामीण महिला र दलित आफ्ना आत्म सम्मान रक्षा, आत्म विश्वास बृद्धि र अभिव्यक्ति सम्प्रेषण गर्न सक्षम भए । सुशासन अभिवृद्धि तथा आधारभूत आवश्यक्ताहरु सम्बन्धित सेवा प्रदायक सरोकारवालाहरु/स्थानिय सरकारसँग दावि गर्न र स्थानिय सरकारलाई टोल, गाउँ र जनता प्रति जिम्मेवार बनाउन सक्षम भए ।
- जीवन केन्द्रका संस्थागत सदस्य संस्थाका व्यक्तित्वहरु सामाजिक परिचालन/ सामुदायिक सशक्तिकरण तथा चुरे बन प्रर्यावरण संरक्षण क्षेत्रमा सफल नेतृत्वदायी भूमिका निवाह गर्न

तथा समुदायको विश्वास जित्न सफल भएको हुंदा विगतमा देशको प्रथम संघिय लोकतान्त्रीक गणतन्त्रको प्रदेश तथा स्थानिय चुनावमा अत्याधिक मतका साथ सफल हुन अवसर पाए । केहि उल्लेखनिय व्यक्तित्वहरु निम्नानुसार छन् :-

| क्र.सं. | नाम | विजयी/नेतृत्वदायी पद | आवद्ध संस्था |
|---|---|---|---|
| १ | ज्ञानेन्द्र कुमार यादव | प्रदेश माननीय धनुषा निर्वाचन नं. ४, आन्तरीक मामिला तथा कानून मंत्री प्रदेश नं. २ | अध्यक्ष, जीवन केन्द्र |
| २ | चमेली देवी दास | प्रदेश नं. २ सभा सदस्य | LP/ARCA Npeal |
| ३ | फुलगेन यादव | वडा अध्यक्ष, लक्ष्मीनिया गाउँपालिका | अध्यक्ष, जि. किसान संघ |
| ४ | राज कुमार म्रहतो | वडा अध्यक्ष, क्षिरेश्वरनाथ न.पा. ८ | लोक पाठशाला, देवकोटा टोल |
| ५ | संग बहादुर हनेजंग | वडा सदस्य, क्षिरेश्वरनाथ न.पा. ८ | लोकपाठशाला, देवकोटा टोल |
| ६ | गलो देवी दास | वडा सदस्य, क्षिरेश्वरनाथ न.पा. ९ | LP/ARCA Nepal इच्छापुर |
| ७ | निलम यादव | वडा सदस्य, मिथिला बिहारी न.पा. ८ | लोक पाठशाला सहजकर्ता कचुरी |
| ८ | ललित नारायण | वडा अध्यक्ष, मिंथिला विहारी न.पा. ८ | लोकपाठशाला, ठेरा |
| ९ | अशेश्वर दास | वडा सदस्य, मिथिला विहारी न.पा. ८ | लोकपाठशाला, ठेरा |

**संस्थागत विकाश :-**

- तालिम तथा ज्ञान केन्द्र विकाशको लागि थप २४ जनाको लागि जेनेरल आवसिय होस्टेलको निर्माण ।
- प्राकृतिक श्रोत व्यवस्थापन, उद्यमशीलता तथा सामाजिक विषयवस्तुहरु आधारित तालिम श्रोत पुस्तिका निर्माण तथा प्रकाशन
  1. साझेदारी वन व्यवस्थापन तालिम
  2. उद्यमशीलता विकाश तालिम
  3. समुदायमा आधारित जलवायू अनुकूलता तालिम

४. नेतृत्व विकाश तालिम

५. लोकतान्त्रिक स्थानिय शासकियता र सार्वजनिक सेवा तालिम

६. समुदायमा आधारिता प्राकृतिक श्रोत व्यवस्थापन तालिम

**चुरेवन संरुक्षण तथा जलाधार व्यवस्थापन :-**

- राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकाश कार्यक्रम लगायत जलाधि साझेदारी वन व्यवस्थापन समूह संजालसँग समन्वय सहकार्य मार्फत उपल्लो (चुरे) तथा तल्लो तटीय एकीकृत जलाधार (नदी प्रणाली) बिच अन्तर सम्बन्ध, अन्तर निर्भरता, अपनत्व विकाश तथा सचेतना अभिवृद्धि भएको ।
- सेप्टेम्बर २४-२५, २०१७ को जीवन केन्द्र हारसरमा संघियतामा साझेदारी वन व्यवस्थापन अवसर, चुनौति र सामाधान विषय उपर १२ जिल्लाका प्रतिनिधिहरुको सहभागितामा दुई दिने क्षेत्रिय विचार गोष्ठी सफलताका साथ सुसम्पन्न ।
- नोभेम्बर ७, २०१७ को काठमाण्डौमा "चुरे तराई मधेश संरक्षण तथा विकाशको लागि साझेदारी वन" विषयका एकदिने राष्ट्रिय विचार गोष्ठी विभिन्न सरोकारवालहरुको सहभागितामा सु-सम्पन्न भएको ।
- जलाधि साझेदारी वन व्यवस्थापन समूहको क्षमता अभिवृद्धि तथा वन विकास (२१९० हे.) कार्यक्रमहरु संचालन तथा व्यवस्थापन
- मिथिला न.पा. स्थित ४ कबुलियत बनहरु (१८ हे) तथा र २ सार्वजनिक जग्गा कृषि वन (१३ हे.) व्यवस्थापन, वृक्षारोपण तथा समूह क्षमता अभिव्रद्धि भएको ।
- चुरिया वन क्षेत्र माथिको जन दवान न्यून गर्ने उदेश्यले चुरेवन क्षेत्र नजिकका गाउँहरमा बायो ग्यास प्रवर्द्धन विकास संचेतना जागरण तथा ५० घरधुरीहरमा बायो ग्यास प्लान्ट निर्माण गरियो ।

**सीप विकास तथा लघु उद्यमशीलता प्रवर्धन :-**

- संस्थाले अघिल्लो कार्यक्रमहरु मार्फत घरेलु तथा साना उद्योग कार्यालय, धनुषामा दर्ता गराएका १५९ जना लघु उद्यमीहरु मध्ये केही निम्न सफल उद्यमीहरुलाई समन्वय/सहकार्य र उद्यम प्रबर्धनमा सहयोग पुगेको ।

| क.सं. | नाम | ठेगाना | लघु [redacted] |
|---|---|---|---|
| [redacted] | | | |
| २ | विद्या देवी | गोपालपुर | गोपालपुर - नास्ता पसल |
| ३ | कौशल्या देवी | गोपालपुर | गोपालपुर- नास्ता पसल/चना चटपटे |
| ४ | सावीर कवारी | हारसर | टेलारङ्ग/अगरवती बनाउन |
| ५ | मनिकान्त दास (चमेली देवी) | लक्ष्मीपुर बगेवा | दुध डेरी |
| [redacted] | | | |
| ७ | लीलावती यादव | तेतरीया | कसमेटीक |
| [redacted] | | | |
| ९ | सिता देवी | इच्छापुर | टेलिरिङ्ग/पाउरोटी बिक्री वितरण |
| १० | सुनिता साह | पुष्पवलपुर | कसमेटिक |
| ११ | विन्देश्वरी कापडि | मानसिंहपट्टी | पान पसल |
| १२ | सिवो देवी दास | परवाहा | चुरो (Bangle) बनाउने |
| [redacted] | | | |

- पुष्पवलपुर, ह[redacted] दर्ता तथा आवश्यक सामग्री उपलब्ध गराएको । तर, उधम तथा संचालनमा चुनौति देखिएका छन् ।

साथै,

गत वर्ष क्षिरेश्वरनाथ न.पा. सँगको समन्वय/ सहकार्यमा १५ लाख बराबरको जीवन केन्द्र परिसरको पर्खाल निर्माण भएको छ। मेयर श्री योगेन्द्र पजियार ज्यू तथा श्री राम पदारथ यादव ज्यू, वडा अध्यक्ष लगायत समस्त नगरपालिका परिवार र स्थानिय समाज सेवीहरुमा व्यक्तिगत तर्फबाट, हाम्रो संस्थाको तर्फबाट धेरै धेरै धन्यवाद ज्ञापन गर्दछौ र भविष्यमा निरन्तर समन्वय/सहकार्यका अपेक्षा राख्दछौ ।

अधिवेशन सफलताको सुभकामना साथ,

.....................

कारी यादव

अध्यक्ष

०७।११।२०७६

Feb 19, 2020, Wed

अनुसूची- ३

जीवन केन्द्र (Life School Center) को आगामी आ. ब. २०७६-०७७ को कार्ययोजना यस प्रकार हुनेछ:

१. अनिबार्य त्रैमासिक रुपले समन्वय सहकार्य मार्फत सामुदायिक सशक्तिकरण तथा प्राकृतिक श्रोत ब्यबस्थापन सम्बन्धि बिषयक नागरिक छलफल सम्बाद गर्ने/ गराउने /
२. जलवायू अनुकूलन तथा REDD+ अभियान/ कार्यक्रमहरु कार्यान्वयनको लागि पहल गर्ने/
३. सीप बिकाश तथा लघु उद्द्यमशिलता सम्बन्धि अभियान/ कार्यक्रमहरु कार्यान्वायन गर्ने/
४. जीवन केन्द्रलाई तालिम तथा ज्ञान केन्द्रको रुपमा ब्यबस्थित एबम प्रबर्धन गर्ने योजना तर्जुमा गर्ने/
५. जीवम केन्द्र वन पर्यावरण सम्बन्धि राष्ट्रिय/ अन्तराष्ट्रिय संघ/ संस्थाहरु संग समन्वय/ सहकार्य तथा आवद्धता प्रबर्धन गर्ने/
६. प्रदेश नं २ का नदि उकास तथा सार्बजनिक क्षेत्रमा बन विस्तार गर्न सहकार्य गर्ने /
७. सामाजिक अभियन्ता, सामाजिक परिचालक तथा जान संगठनहरुका क्षमता अभिब्रिधि, प्रोत्साहन तथा निरन्तरताका लागि सरोकारबालाहरु संग समन्वय सहकारी गर्ने /
८. सामाजिक तथा बन अभियानकर्मीहरुको सूची तयार गरि प्रोत्साहन तथा सम्मान गर्ने/

अनुसूची- ४

४ (क) यस संस्था को विधान लाई समय अनुकुल परिचालन गर्न तपसिल अनुसारको विध्न संसोधन तथा परिमार्जन गर्ने निर्णय गरियो |

संस्थाको कार्यक्षेत्र विस्तार - यस संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्यको सबै प्रदेशहरु र जिल्लाहरुका सबै गाउँपालिकाहरु र उप/ नगरपालिकाहरुमा विस्तार गर्न सकिने छ | खास गरि नेपाल अधिराज्यको प्रदेश नं- २ को सबै जिल्लाका सबै गाउँपालिकाहरु र नगरपालिकाहरु रहनेछ |

संस्थाका संशोधित उद्धेश्यहरु:

१) यो संस्था मुनाफा रहित जन हितकारी संस्था हुने छ ।

२) जीवन केन्द्र (Life School Center) लाई शिक्षा र सशक्तिकरण, समुदायमा आधारित प्राकृतिक श्रोत (जल, जमीन र जंगल) व्यवस्थापन, वातावरण/जलवायू अनकूलन, खाद्य सुरक्षा, उत्थानशीलता, प्रकृति प्रकोप व्यवस्थापन, उद्यमशीलता, खानेपानी तथा सरसफाई, सामाजिक न्याय, सुशासन, कानूनी शासन लैङ्गिक समता तथा समाजिक समावेशीकरण (GESI) तथा

गरीवी न्यूनीकरणका लागि आवश्यक नीति कार्यक्रम तर्जुमा, प्रभावकारी कार्यान्वयन तथा सामुदायिक सचेतना अभिवृद्धि गर्ने गैह्र नाफा मुलक अनौपचारिक जीवन पर्यन्त सिकाई थलो - “प्रशिक्षण, प्रदर्शनी तथा नव परवर्तन श्रोत केन्द्र (Training, Demonstration & Innovation Resource Center)” एवं संस्थागत सदस्यतामा आधारित समूह संस्था (Consortium Organization) को रुपमा विकास गर्ने ।

३) जीवन केन्द्र (LSC) ले चुरिया-तराई जोडने जलाधारिय क्षेत्र/एकीकृत नदी प्रणालीको उपल्लो तथा तल्लो तटीय (Upstream & Downstream) वहू-सरोकारवालाहरु एवं बासिन्दा विच अन्तरसम्बन्ध (Inter relation), अन्तरनिर्भरता (Inter dependence) तथा सह-अस्तिक (Co-existance) को भावना तथा क्षमता अभिवृद्धि गरी समन्वय-सहकार्य, पैरवी, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण (GESI), सामाजिक न्याय, सुशासन, कानूनी शासन तथा चुरिया वन क्षेत्र, जलाधार/एकीकृत नदी प्रणाली सह व्यवस्थापन मार्फत सामाजिक, पर्यावरणीय तथा आर्थिक रुपान्तरणको लागि साझा मंच (Common Platform) स्थापना गर्ने ।

४) भू-उपयोग (Land Use), प्राङ्गरिक कृषि (Organic Agriculture), सिचाई, सामुदायिक/साझेदारी/कवुलियत तथा नीजी वन प्रवर्धन, सार्वजनिक जग्गा कृषि-वन संरक्षण (Public Land Agro-Forestry-PLAF), खोला किनार हरित बैक (River side green bank) स्थापना, एकीकृत सामुदायिक पोखरी पुर्ननिर्माण (Integrated Community Pond Renovation), दह व्यवस्थापन (Wet land management) जस्ता विभिन्न प्राकृतिक श्रोत व्यवस्थापनका नयाँ प्रविधिहरुको सुहाउदो विकल्प प्रवर्धन, तथा वन/कृषिमा आधारित उद्यमशीलता तथा ग्रामीण पर्यापर्यटन विकास मार्फत जन समृद्धिमा टेवा पुर्याउने ।

५) जीवकेन्द्र (LSC) ले जनसंगठनहरु (Peoples' Organization), सामुदायमा आधारित संस्थाहरु (CBOs), वन/कृषि/प्राकृतिक श्रोत/उद्यमशील उपभोक्ता समूह/संजाल, सहकारी तथा सम्बन्धित सरोकारवालाहरुको सचेतना/क्षमता अभिवृद्धि एवं परिचालन मार्फत,

५.१ जन जीविकाको सुरक्षा प्रत्याभूति हुने गरी वन, कृषि, सिचाई, जलवायू अनुकूलन, खाद सुरक्षा, उद्यमशीलता, समुदायमा आधारित प्रकृति प्रकोप व्यवस्थापन तथा

उत्थानशीलता लगायतका प्राकृतिक श्रोत तथा सामाजिक सवालहरु सम्बन्धित स्थानिय, प्रदेश तथा राष्ट्रिय नीति (Policy), ऐन/कानून (Act/ Laws) निर्देशिका (Directives) र कार्यविधि (Guideline) तर्जुमा एवं प्रभावकारी कार्यान्वयनका लागि जन अभियान तथा पैरवी संचालन गर्ने, तथा

५.२ जन नेतृत्वदायी सहभागितामा आधारीत चुरिया वन संरक्षण तथा दिगो जलाधार ( एकीकृत नदी प्रणाली) सह व्यवस्थापन गरी चुरिया देखि दश गज्जा सम्मका वासिन्दाहरुलाई प्राकृतिक/जैविक उत्पादन/वस्तु वितरण तथा पर्यावरणीय सेवा प्रणाली सदृढीकरणका लागि सहजीकरण गर्ने ।

६) जोखिम तथा सामाजिक वंचितीकरणमा परेका आदिवासी, जनजाति, दलित, गरीव, महिला, वालवालिका, जेष्ठ नागरिक, फरक किसिमले सक्षम व्यक्तिहरु (Differently able persons) तथा अल्प संख्यक धर्मावलम्वीहरु (मुश्लिम, जैन, क्रिश्चियन) हरुको मौलिक हक, हित, शिक्षा, सचेतना, सूचनामा पहूँच, अधिकार/सम्मानको सुनिश्चितता र दायित्व वोध गराउनु साथै जन सम्वाद एवं सामाजिक अभियान मार्फत समाजमा व्याप्त लैङ्गिक, जातिय तथा वर्गीय विभेद, अन्धविश्वासहरु जस्तै छुवाछुत, वोक्सी, धामीझाक्रि र महिला हिंसा, कुरीतिहरु जस्तै धुंघट, वालविवाह, दहेज, भ्रूण हत्या र छाऊपडी लगायतका शोषण उत्पीडन, भ्रष्टाचार, न्यून/असमान ज्याला तथा अशिक्षा जस्ता सामाजिक-सांस्कृतिक कुप्रथाहरु न्यूनीकरण गरी समाजमा आपसी सहयोग, सद्भाव, समानता, लैङ्गिक समता सामाजिक समावेशीकरण ( GESI), न्याय (Justice) सुशासन (Good Governance), कानूनी शासन (Rule of Law) प्रवर्धन तथा संघिय समावेशी लोकतन्त्र सुदृढीकरण गर्ने ।

७) समुदायका विशेषतः दलित, आदिवासी, जनजाती, महिला, वालवालिका, जेष्ठ नागरीक, गरीव, अति गरीव तथा अल्प संख्यक वर्ग/समूहहरुको शिक्षा सचेतना अभिवृद्धि तथा सम्बन्धित सरोकारवालाहरु सँग समन्वय सहकार्य मर्फत नागरिकका ८ आधारभूत आवश्यकता सेवाहरु जस्तैः भोजन (खाद्य सुरक्षा), शिक्षा खास गरी वालिका शिक्षा (Girl Education), स्वास्थ्य, आवास, खानेपानी-सरसफाई, वातावरण, रोजगार तथा सामाजिक सुरक्षामा पहूँच र परिपूर्ति

तथा शुशासन सुनिश्चित गर्न गराउन नीतिगत छलफल सम्वाद तथा कार्यक्रमहरु संचालन गर्ने ।

८) जीवन केन्द्र (LSC) ले स्थानिय पालिका (गाउँ/नगर) प्रदेश तथा संघिय सरकार स्तरीय समन्वय तथा सहकार्य गरी आवधिक/वार्षिक योजना तर्जुमा, वजेट विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा सामाजिक लेखाजोखा (Social Audit) कार्यमा लक्षित समूदायको अग्रनी भूमिका निर्वाह गर्न गराउन उत्प्रेरित गर्ने ।

९) जीवन केन्द्र (LSC) ले "प्रशिक्षण, प्रदर्शनी तथा नव परवर्तन श्रोत केन्द्र" को रुपमा चुरिया वन क्षेत्र संरक्षण तथा एकीकृत जलाधार (नदी प्रणाली) सह-व्यवस्थापन, खास गरी वन, जडीबुटी, कृषि, सिचाई, जलवायू अनुकूलन, उद्यमशीलता, उत्थानशीलता, लगायत खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, महिला-बालबालिका अधिकार तथा लोकतन्त्र सम्बन्धित सूचना तथा सेवा उपलब्ध गराउनुको साथै दिगो तथा पूर्वनिर्मित भवन ढाँचा (Building Design) र प्रविधि (Technology) प्रदर्शनी तथा प्रसारन गर्ने ।

१०) जीवन केन्द्र (LSC) विभिन्न प्रकारका आवासिय तालिम, गोष्ठी, कार्यशाला तथा सभा/बैठकहरु आयोजना गर्ने ठाउँ तथा सेवाहरु उपलब्ध गराउछ ।


जीवन केन्द्र (Life School Center) को
तेस्रो अधिवेशन
फाल्गुण ७, २०७६ बुधवार
(फ्रेबुअरी १९, २०२०)
जीवन केन्द्र, हारसर
क्षीरेश्वरनाथ न.पा.-१०, धनुषा


जीवन केन्द्र (Life School Center) को
तेस्रो अधिवेशन


AQUA





